स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





चलचित्र विकास बोर्डको रोहवरमा फिल्मको टिम र धार्मिक संगठनहरुबीच 'एक भागवत र एक गीता' शीर्षकमा सहमति जुटेपछि विवाद टुंगिन पुगेको हो । निर्माण पक्ष फिल्म प्रदर्शनको मुखमा रहेकाले शीर्षक परिवर्तन नगर्ने अडानमा थियो । तर, विवादबीच फिल्म प्रदर्शन गर्दा हुनसक्ने दुर्घटनाबाट बच्न निर्माण टिम लचिलो बन्यो । मंगलबार फिल्ममा समावेश मैथिली भाषाको गीत 'झिँझिँया' सार्वजनिक कार्यक्रममा निर्देशक झरना थापाले नयाँ शीर्षकमा आफू सन्तुष्ट रहेको बताएकी छन् । साथै, उनले कसैप्रति चित्तदुखाई पनि नरहेको बताइन् ।

**आजको विचार...**



नारायण पौडेल

विधिको... (दुई पेजमा)

नेपालमा फिल्मकर्मीभन्दा धेरै संघ-संस्थाहरु भैसकेका छन् । फिल्मको हरेक विधामा काम गर्नेहरुको आ-आफ्नै संस्था छन् । तर, अधिकांश संस्थाहरु महाधिवेशन अर्थात् चुनावको समयमा मात्र मुख देखाउँछन् । अब फिल्मसम्बन्धी संघको राजनीतिमा अभिनेता आर्यन सिग्देलको पनि प्रवेश भएको छ । यसका लागि उनले चलचित्र संरक्षण मञ्च रोजेका छन् । मंगलबार काठमाडौंस्थित होटल हार्दिकमा भएको मञ्चको चौंथो चुनावी अधिवेशनबाट उनी प्रथम उपाध्यक्ष पदमा निर्विरोध चुनिएका छन् । आर्यनले पहिलो पटक फिल्मसम्बन्धी संस्थाको महत्वपूर्ण पदको जिम्मेवारी सम्हाल्ने मौका पाएका हुन् ।

❒ वर्ष २९ ❒ अंक ५९ ❒ २०८० भदौ २८ गते बिहीबार 14 September 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### लुम्बिनी प्रदेशसभाको अधिवेशन अन्त्य




**लुम्बिनी,** भदौ २७/लुम्बिनी प्रदेशसभाको चालु अधिवेशन अन्त्य भएको छ ।

प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले गए राति १२:०० बजेदेखि लागू हुने गरी प्रदेशसभाको चालु अधिवेशन अन्त्य गर्न सिफारिस गरेसँगै प्रदेश प्रमुख अमिक शेरचनले अधिवेशन अन्त्य गरेका हुन् ।

नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश प्रमुखले सरकारको सिफारिसमा चालु अधिवेशन अन्त्य गरेकाले प्रदेशसभा नियमावली, २०७९ को नियम ३ को उपनियम ३ बमोजिम प्रदेशसभा सदस्यको जानकारीका लागि प्रदेशसभा सचिव दुर्लभकुमार पुनले जारी गरेको सूचनामा उल्लेख छ ।

**-रासस**

# बुवाको मुहारमा खुसी हेर्ने दिन

**बुबा सन्तानका लागि गुरु हुन् । एक रक्षक र कुशल अभिभावक हुन् । त्यसैले बुबाको मुख हेर्न दिनको महत्व बुबाप्रतिको भक्तिभाव वा श्रद्धाका लागि अत्यन्त महत्वपूर्ण छ ।**

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ २७/ पितालाई सम्मान-भक्ति प्रकट गर्दै आज बुबाको मुख हेर्ने दिन मनाइँदै छ । अन्धकाररूपी संसारमा ज्ञान एवं कर्मको दिव्यज्योति प्रदान गरेर अघि बढ्न सिकाउने गुरुका रूपमा रहेका पितालाई मनपर्ने विभिन्न खानेकुरा, लत्ताकपडालगायत दिँदै सम्मान गरिन्छ ।

भाद्र कृष्ण कुसे औंसीमा बाबुको सम्मान गरिने परम्परा छ । बुबालाई पिता, बाबा, तात, ड्याडी, पापा शब्दले चिनिन्छ । यस दिनलाई अर्को शब्दमा पितृऔंसी, पितृ दिवस, गोर्कण औंसी, कुसेऔंसी पनि भनिन्छ । आमापछिको द्वितीय गुरुका रूपमा पितालाई शास्त्रले वर्णन गरेको छ । महत्वपूर्ण धार्मिक कार्य गर्नुअघि पनि पितृकै स्मरण गर्ने चलन छ । पितालाई संरक्षण, रक्षा र पालनपोषण गर्ने चरित्रका रूपमा शास्त्रमा उल्लेख छ । औंसीका दिन आफूलाई कर्म दिने मुख हेर्न छोराछोरी बुवा भएको ठाउँमा पुग्ने गरेका छन् । बुबालाई भेट्दा आृनो क्षमताअनुसार मिठाई, लड्डु तथा विभिन्न खाद्यपदार्थ खुवाउने चलन छ ।



यो दिन बाबु हुनेहरुले आफ्ना बुबाको योगदानको कदर गर्दै सम्मान गर्ने गर्छन् । बाबु नहुनेले भने दिवङ्गत पितालाई तर्पण, सिदादान र श्राद्ध गरेर एवं पिताप्रति आदर सम्मान गर्ने गर्दछन् । बुबा सन्तानका लागि गुरु हुन् । एक रक्षक र कुशल अभिभावक हुन् । त्यसैले बुबाको मुख हेर्न दिनको महत्व बुबाप्रतिको भक्तिभाव वा श्रद्धाका लागि अत्यन्त महत्वपूर्ण छ ।

यस दिन बुबालाई मीठो मीठो खाना र उपहार दिने र उनीबाट आशीर्वाद ग्रहण गर्ने गरिन्छ । बालबालिकाले मात्र होइन, ठूला मानिसले पनि आृनो बुबाका लागि विशेष दिनको रूपमा यसलाई लिन्छन् । यही दिन हिन्दुका घरमा कुश भित्र्याउने गरिन्छ । कुश एउटा पवित्र घाँस हो । भाद्र औंसीको दिन घरमा कुश ल्याउने र त्यो कुश धार्मिक कार्य वा पितृकार्यमा शुद्धीकरणका लागि तामाको लोटीमा राखेर वा औंठी बनाएर प्रयोग गर्ने चलन छ । कुशको प्रयोग हिन्दुधर्मावलम्बीले १६ संस्कारमा नै अनिवार्य रूपमा गर्ने गर्छन् । आजका दिन वैदिक मन्त्रोच्चारणपूर्वक उखेलिएको कुश वर्ष दिनसम्मका कर्ममा प्रयोग गर्न सकिने र अन्य दिन उखेलिएको कुश त्यसदिन मात्र प्रयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको छ । हिन्दूहरुले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतिक मान्दछन् । कुशलाई भगवान् विष्णुको प्रतिकका रुपमा मानिन्छ । आजका दिनमा घर-घरमा नयाँ कुश राखेमा रक्षा हुन्छ र छोएमा पापमुक्त भइन्छ भन्ने मान्यता रही आएको छ ।

# पाल्पाको रामपुरबाट अवैध काठ नियन्त्रणमा



**पाल्पा,** २७ भदौ/जिल्लाको रामपुरबाट प्रहरीले अवैध सालको काठ नियन्त्रणमा लिएको छ । प्रहरी चौकी हुँगी र इलाका प्रहरी कार्यालय रामपुरबाट खटेको प्रहरी टोलीले ९५.०८ क्युफिट अवधै साल जातको काठ नियन्त्रणमा लिएको हो ।

प्रहरीले रामपुर नगरपालिका १० बर्दलेका लिला गाहाले सञ्चालन गरेको जनता फर्निचर उद्योगमा अबैध रुपमा साल जातको काठ रहेको भन्ने गोप्य सुचना प्राप्त हुनासाथ खानतलासी गर्ने क्रममा उक्त परिमाणको अवैध काठ नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष चन्दले जानकारी दिए ।

प्रहरीले काठ नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि सब वन डिभिजन कार्यालय रामपुर पठाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# तानसेन बहुमुखी क्याम्पसको यात्रा ३४ वर्षमा

**पाल्पा,** भदौ २७/तानसेन नगरपालिका-७ काजीपौवामास्थित जिल्लाको पहिलो सामुदायिक क्याम्पस तानसेन बहुमुखी क्याम्पस ३४ वर्षको यात्रामा प्रवेश गरेको छ । २०४७ असार १९ गते त्रिभुवन बहुमुखी क्याम्पसको पुरकको रुपमा स्थापना भएको क्याम्पसले ३४ वर्षको यात्रा तय गरेको हो ।




व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी क्याम्पसको स्थापना भएको थियो । यो यात्रामा क्याम्पसले आफुलाई नेपालकै प्रतिष्ठित र उत्कृष्ट शैक्षिक संस्थाको रुपमा पहिचान बनाउन सफल भएको छ । त्यसबेला धेरैले विश्वास नगरेको विषय थियो पाल्पामा सामुदायिक तवरबाट स्थापित क्याम्पस ३४ वर्षसम्म खडा हुनेछ तर धेरैको आकलनलाई गलत सावित गर्दै तानसेन बहुमुखी क्याम्पसले आफ्नो ३३ वर्षे यात्रा पार गर्न सफल भएको छ । कक्षा ११ देखि स्नाकोत्तरमा शिक्षा, व्यवस्थापन र मानविकी संकायको शैक्षिक कार्यक्रम विकासमा यस क्याम्पसको ठूलो योगदान रह्यो । ३४ वर्षमा प्रवेश गरेको खुसीयालीमा क्याम्पसले साताव्यापी कार्यक्रमहरुको आयोजना गरी वार्षिक उत्सव मनाएको छ । उत्सवको बुधबार एक औपचारिक कार्यक्रमकाबिच समापन गरिएको छ । कार्यक्रमको प्रमुख अतिथि एवं क्याम्पसका संस्थापक/संरक्षक डा. रामप्रसाद शर्माले समापन गरेका हुन् । कार्यक्रममा संरक्षक शर्माले सबैको सहयोग र साथका कारण क्याम्पस जिल्लाकै प्रतिष्ठित क्याम्पस बन्न सफल भएको बताए । उनले पश्चिम क्षेत्रलाई लक्षित गरी सामुदायिक क्याम्पसका रुपमा क्याम्पस स्थापना गरिएको बताए । डा. शर्माले मान्छे मरेर गए पनि धर्तीमा नाम रहने गरी काम गर्नुपर्नेमा जोड दिए । उनले भने,'कृति राखेर मर्ने व्यक्ति मरेर पनि सधै बाँचिरहन्छ, त्यसैले हामीले कुनै न कुनै रुपमा नाम लेख्ने गरी काम गर्नुपर्छ ।' डा. शार्मले क्याम्पसमा अध्ययन गरेका र गरेर गइसकेका विद्यार्थीहरुलाई क्याम्पसप्रति माया गर्न समेत आग्रह गरे । क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष राजनप्रसाद पन्तले यही पढौं, यही बसौं भन्ने भावनामा ह्रास आएकाले सामुदायिक क्याम्पसहरु समस्यामा परेको बताए । उनले भने,' पछिल्लो समय विद्यार्थीहरु बसाईसराई र विदेश पलायन हुँदा शैक्षिक संस्थाहरु सञ्चालनमा गाह्रो भइरहेको छ ।' अध्यक्ष पन्तले क्याम्पस व्यवस्थापनमा कुनै पनि समस्या नरहेको तर विद्यार्थी पलायन हुने प्रवृत्तिले क्याम्पस सञ्चालनमा समस्या सिर्जना भएको बताए । अहिलेको राष्ट्रिय समस्या भएकाले कसरी विद्यार्थी टिकाउने र वृद्धि गर्ने भन्ने विषयमा क्याम्पस व्यवस्थापन समिति अत्यन्त चिन्तित रहेको उनले धारणा व्यक्त गरे । अध्यक्ष पन्तले शैक्षिक संस्थालाई जिवन्त राख्न सबैको सहयोग आवश्यक रहेको बताए । वडा अध्यक्ष प्रदीप खनालले क्याम्पसमा विद्यार्थी आउने वातावरण सिर्जना गर्ने कुरामा स्थानीय सरकारले ध्यान दिने बताए । उनले काजीपौवा आउने सडक स्तरन्नोतिका लागि प्रदेश सरकारबाट २५ लाख बजेट विनियोजन गरिएकाले क्याम्पस आउने विद्यार्थीहरुलाई सहज हुने विश्वास व्यक्त गरे । वडा अध्यक्ष खनालले क्याम्पसमा छात्रा विद्यार्थीहरुका लागि वडाबाट स्टेनरी प्याडको व्यवस्था गरिदिने समेत प्रतिवद्धता जनाए । पूर्व क्याम्पस प्रमुख तथा सामुदायिक क्याम्पस संघका जिल्ला अध्यक्ष राधेश्याम ज्ञवालीले कोभिड महामारीका कारण शैक्षिक संस्थाहरु प्रभावित भएकाले त्यसको समाधानमा कोही कसैलाई दोष दिएर भन्दा पनि आफै सजग हुनुपर्ने धारणा व्यक्त गरे । उनले कार्ययोजना बनाएर अगाडि बढ्न क्याम्पसलाई आग्रह गरे । प्राध्यापक रामप्रसाद ढकालले क्याम्पसले शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनले सरकारको गलत नीतिका कारण विद्यार्थीहरु विदेश पलायनको अवस्था सिर्जना भएको भन्दै त्यसलाई परिवर्तन गर्नु पर्नेमा जोड दिए । पत्रकार महासंघ पाल्पाका पूर्व उपाध्यक्ष प्रकाश नेपालले पश्चिम नेपालमै क्याम्पसले छुट्टै ब्राण्ड बनाउन सफल भएको बताए । उनले अहिलेको समय प्राविधि शिक्षाको भएकाले प्राविधिक धारको शिक्षा सञ्चालनमा ध्यान दिन क्याम्पसलाई आग्रह गरे । विद्यार्थी हित शाखाकी प्रमुख नविना सारुले क्याम्पसले लगानी मात्र नभई गुणस्तरीय शिक्षा प्रदानमा समेत ध्यान दिनुपर्नेमा जोड दिइन् ।

**-बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बुबाप्रति सम्मान

**कुशे औंसी अर्थात् आज बुबाको मुख हेर्ने दिन । आफ्ना बुबालाई मिठो खाना र राम्रा कपडा दिएर सम्मान गर्ने गरिन्छ । आजको दिन बुवाको मुख हेर्ने, अर्थात् बुवा दिवसको रुपमा मनाई बुवालाई विशेष सम्मान गर्ने र बाबु नहुनेले तीर्थमा खासगरी गोकर्ण र विष्णुपादुकामा श्राद्ध, तर्पण, दान, पुण्य गरी पितृ तार्ने र आफू पुण्यात्मा बन्ने विश्वास गरिन्छ । पितृदिवस भाद्रकृष्ण अमावस्याको दिन हो । अमावस्याको रातका अधिपति पितृ हुन् । मानिसहरुले आफ्ना आमा बाबुहरुको सम्झना खासगरी जीवनको अन्धकारमय रातमैं गर्ने हुँदा अमावस्याका दिनमै ती दुबै दिवसहरू मान्ने गरिआएको हो । पितृ देवो भव भन्ने हाम्रो संस्कृतिले पितालाई देवताको रुपमा लिने चलन छ ।**

**जन्मदिने आमा, कर्म दिने बुबा शिक्षा दिने गुरु यी सबैको स्थान उच्च छ । पिताको आज्ञा पालना गर्नेले कुनै तीर्थ गरिरहनु पर्दैन भनि शास्त्रहरुले स्पष्ट किटान गरेका छन् । आज दिन बाबुको सम्मान गरिन्छ । यो पर्व आफैमा राम्रो छ । आफूलाई जन्म दिई हुर्काएर, पढाएर सक्षम बनाउने बाबुआमालाई देवता सम्झेर श्रद्धा भक्तिपूर्वक मान्नु र पूज्नु सम्पूर्ण छोराछोरीको मुख्य कर्तव्य पनि हो । पितालाई अरू समयमा वास्ता नगर्ने सन्तानहरू पनि यस दिन मीठा-मीठा खानेकुरा तथा कपडा लिएर बाबुको मुख हेर्न ओइरिन्छन् । यसलाई सकारात्मक रुपमा लिएपनि एक दिन मात्र गरिएको सम्मानले पिताप्रतिको सच्चा सम्मान भने हुन सक्दैन । पिताको सेवा र सम्मान गर्दा जतिको पुण्य कुनै यज्ञबाट सम्भव छैन । बाबुको सम्मान र सेवा गर्दा आफू पनि लोकबाटै सम्मानित भइने र भविष्यमा आफूले पनि आफ्ना सन्तानबाट त्यस्तै सेवा-सम्मान पाइन्छ भन्ने कुरा कुनै पनि सन्तानले विर्सनु हुँदैन । अधिपछि बुबाआमालाई वास्ता नगर्ने र वर्षको एक दिन सम्मान गरेको देखाउन खानेकुरा र लुगाफाटा लिएर भेट्न जाने संस्कार छ, जुन गलत हो । यसो गरिनुहुँदैन । पिता वर्ष भरि नै पुजनीय हुन्छन् । दर्शनीय हुन्छन् । एकदिन मुख हेरेर वा मीठा खानेकुरा खुवाएर सन्तानको कर्तव्य पूरा हुँदैन । यसर्थ बुवाको सम्मान सधै गर्न सिकौं । जसले गर्दा कुसे औंसीको सार्थकता रहन्छ ।**

## Opinion @ Social Network

तिमी आफुले आफुलाई खुशी बनाउन सिक्नु, सबैलाई खुशि बनाउन त भगवानले पनि सक्दैनन् यहाँ ।

*(उमा भण्डारीको फेसबुक स्टाटस https://www.facebook.com/Nightingale103)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विधिको शासन बिनाको मुलुक



**नारायण पौडेल**

**मुलुकको यही विचलित अवस्थामा वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई गठबन्धन जसरी पनि जोगाएर पद बचाइरहनु छ, मेरा मान्छेलाई मात्रै थुन्ने भन्ने शेरबहादुर देउवा र माकुराको जालोमा भैंसी फस्दैन भन्ने केपी शर्मा ओलीलाई प्रधानमन्त्री बन्नु छ, वैकल्पिक राजनीतिक शक्तिको स्वघोषित उपाधि लिएका रवि लामेछानेलाई पनि प्रधानमन्त्री नै बन्नु छ । तर मुलुकमा विधिको शासन स्थापित गर्नु कसैलाई छैन । मुलुकमा अहिले पनि संघीयता, धर्मनिरपेक्षता, समावेशिता, नागरिकता र सीमा सम्बन्धी मुख्य विवादहरु चुनौतीपूर्ण बनिरहेका छन् भने संविधान सभाबाट निर्मित संविधान सर्वस्वीकार्य हुन सकिरहेको छैन । संविधानतः शासकीय स्वरुप अन्तर्गत स्थानीय, प्रदेश र संघीय सरकारबीच अधिकार बाँडफाँट, कर प्रणाली, स्थानीय स्रोत साधनको प्रयोग, शिक्षा नीति, निजामति सेवा ऐन, प्रहरी सेवा ऐन, कर्मचारीको नियुक्ति, सरुवा, वढुवा लगायतका महत्वपूर्ण विषयहरुमा अझै पनि एकरुपता कायम हुन सकिरहेको छैन ।**

नेपालको पहिलो आमनिर्वाचन २०१५ सालदेखि नै मुलुकमा कुनै पनि सरकारले आफ्नो पूरा कार्यकाल काम गर्न सक्ने वातावरण बनेन । त्यसमाथि पनि २०४६ सालको परिवर्तनपछि आजसम्म सरकारमा कसरी पुग्ने वा सरकार कसरी भत्काउने भन्ने रणनीतिक युद्धमा तल्लीन हुनु बाहेक राजनीतिक दलहरुले विकास निर्माण सहितको सम्वृद्धितर्फ ध्यानै दिएनन् भन्दा पनि हुन्छ । यति मात्रै नभइ नेपालको संवैधानिक राजतन्त्रलाई समेत बेला बेलामा सक्रिय शासन गर्ने हुटहुटी चल्नु र २०५२ सालदेखि १० वर्षसम्म तत्कालीन नेकपा माओवादीले सशस्त्र युद्धमार्फत देशका महत्वपूर्ण भौतिक संरचना ध्वस्त पार्ने र मानवीय क्षतिसमेत हुनुले मुलुकलाई विकासको गतिमा अगाडि बढ्न अवरोध गर्यो । परन्तु मुलुकमा गणतन्त्र स्थापनापछि विधिको शासन, सुशासन, नागरिक स्वतन्त्रता, भ्रष्टाचार नियन्त्रण, कालोबजारी उन्मूलनजस्ता देश विकासका सकारात्मक सूचकहरुले प्रश्रय पाउने छन् भन्ने आम सर्वसाधारण नागरिकको अपेक्षामासमेत कालो बादल लाग्यो ।

मुलुक अहिले जन्मकैदको सजाय पाएका व्यक्तिलाई आममाफी दिने, नक्कली भुटानी शरणार्थी, ललिता निवास जग्गा, पशुपतिनाथको जलहरी, अवैध सुन प्रकरण, अरबौं रुपैयाँ आर्थिक अनियमितता गरेका सहकारी जस्ता अनेकौं काण्डहरुले भरिएको छ भने त्यस्ता प्रकरणहरुमा मुछिएका उच्चपदस्थ व्यक्तिहरुमध्ये कसलाई पक्राउ गर्ने र मुद्दा चलाउने, कसलाई उन्मुक्ति दिने भन्ने विषयले राजनीतिक वृत्त निकै तातिएको छ । वास्तवमा नेपालका राजनीतिक दलहरु समेतको मिलेमतोमा अनियमितता गर्न बाँकी ठाउँ अब खासै बाँकी रहेनछ । केही बाँकी रहेछन् भने विस्तारै ती तथ्यहरु पनि सार्वजनिक होलान् । मुलुकको यही विचलित अवस्थामा वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई गठबन्धन जसरी पनि जोगाएर पद बचाइरहनु छ, मेरा मान्छेलाई मात्रै थुन्ने भन्ने शेरबहादुर देउवा र माकुराको जालोमा भैंसी फस्दैन भन्ने केपी शर्मा ओलीलाई प्रधानमन्त्री बन्नु छ, वैकल्पिक राजनीतिक शक्तिको स्वघोषित उपाधि लिएका रवि लामेछानेलाई पनि प्रधानमन्त्री नै बन्नु छ । तर मुलुकमा विधिको शासन स्थापित गर्नु कसैलाई छैन । मुलुकमा अहिले पनि संघीयता, धर्मनिरपेक्षता, समावेशिता, नागरिकता र सीमा सम्बन्धी मुख्य विवादहरु चुनौतीपूर्ण बनिरहेका छन् भने संविधान सभाबाट निर्मित संविधान सर्वस्वीकार्य हुन सकिरहेको छैन । संविधानतः शासकीय स्वरुप अन्तर्गत स्थानीय, प्रदेश र संघीय सरकारबीच अधिकार बाँडफाँट, कर प्रणाली, स्थानीय स्रोत साधनको प्रयोग, शिक्षा नीति, निजामति सेवा ऐन, प्रहरी सेवा ऐन, कर्मचारीको नियुक्ति, सरुवा, वढुवा लगायतका महत्वपूर्ण विषयहरुमा अझै पनि एकरुपता कायम हुन सकिरहेको छैन । त्यस्तै संघीय तथा प्रदेश सरकारको गठन र विघटन, अविश्वासको प्रस्ताव र विश्वासको मत, संवैधानिक नियुक्ति र निलम्बन, राष्ट्रपति, सभामुख, प्रदेश प्रमुख, मुख्यमन्त्री लगायतको क्षेत्राधिकार र प्रयोग सम्बन्धमा पनि यदाकदा विवादहरु उत्पन्न भइरहेका छन् । यस्ता महत्वपूर्ण तथा दीर्घकालीन विषयहरुको सम्बोधन कसले कसरी गर्ने हो भन्ने विषय नै अन्योलमा देखिन्छ ।

नेपालको व्यवस्थापिका संसद अहिले कार्यपालिका र न्यायपालिका पनि आफैं हुन खोजिरहेको छ । जुन संविधानको प्रस्तावनामा लेखिएको शक्ति पृथकीकरणको सिद्धान्त विपरीत छ । नागरिकता विधेयक तथा रेशम चौधरी प्रकरण लगायतका अन्य सार्वजनिक सरोकारका विषयहरुमा सम्मानित सर्वोच्च अदालतले दिएको आदेश कार्यान्वयन गर्ने निकाय कुन हो ? व्यवस्थापिका तथा मन्त्रिपरिषदको जस्तोसुकै सिफारिस पनि राष्ट्रपतिले प्रमाणीकरण गरेपछि कानून सरह लागू हुने व्यवस्थालाई देश र नागरिकको हित अनुकुल भए नभएको परीक्षण गर्नुपर्ने हो कि होइन ? निरन्तर लामो समयसम्म संसद तथा न्यायपालिका अवरुद्ध हुँदा सर्वसाधारण जनताहरुले पाउनुपर्ने आधारभूत सेवा सुविधाहरुबाट वञ्चित हुनुपर्ने परिस्थिति र त्यसबाट उत्पन्न हुने क्षतिको जिम्मा कसले लिन्छ ? मुलुकको प्रचलित कानून भन्दा माथि उच्चपदस्थ भनिने व्यक्तिहरुको आसन हुने हो भने मुलुकमा कसरी स्थापित हुन्छ विधिको शासन ? छिमेकी देश भारतले चन्द्रमामा अन्तरिक्ष यान उतारेर विश्व मानचित्रमा आफ्नो इतिहास रचिरहँदा हामी भने कोलकाता सुख्खा बन्दरगाहमा रोकिएका कन्टेनरहरुबाट अत्यावश्यक वस्तुहरु नेपाल ल्याउन सकिरहेका छैनौं भने लामो समयदेखि बन्द भएका चीनतर्फका नाकाहरु खोल्न नसकेर आयात निर्यात ठप्प हुनुको पीडा भोगिरहेका छौं । देशका खेतीयोग्य उब्जाउ भूमिमा प्लटिङ गरी भौतिक संरचना खडा गरेर खाद्यवस्तु विदेशबाट आयात गरी भौतिक सुख सुविधा प्राप्तिको भ्रममा हामी बाँचिरहेका छौं । वैदेशिक रोजगारी वापत प्राप्त हुन आएको रेमिट्यान्सले धानिएको हाम्रो परिवार आफ्नो जग्गाजमीन बाँझो राखेर खुशी मनाइरहेको छ । राजनीतिमा लागेको एउटा वर्ग सँधै पदमा रहेर भ्रष्टाचार गरी कमाएको पैसाको आडमा योग्यता र क्षमता भएका राष्ट्रप्रेमी व्यक्तिहरुलाई राजनीतिमा निषेध गरिरहेको छ भने न्यायालयजस्तो अति संवेदनशील क्षेत्रमा पार्टीको सिफारिस तथा पहुँचका आधारमा हुने नियुक्तिले न्याय सम्पादनमा अवरोध गरेको छ ।

आधुनिक राजनीतिक यात्राको सात दशक पार गर्दा नगर्दै ७ थान संविधान फेरेको हाम्रो राजनीतिले शासकीय प्रवृत्तिमा परिवर्तन गर्न सकेन । आफू बाहेक अरुलाई सक्षम र असल देख्नै नसक्ने तथा आफूलाई लोकतान्त्रिक ठान्ने शासकले कयौंपटक मुलुकको नेतृत्व गर्दा पनि जनतालाई परिवर्तन र स्वतन्त्रताको अनुभूति गराउन नसकिरहेको परिस्थितिमा समेत अझै पनि आफैं हुनुपर्दछ भन्ने स्वभाव तथा कार्यशैली छोड्न नसक्दा मुलुकले नवीन बाटो आरम्भ गर्न सकिरहेको छैन । नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाँड र सुनकाण्डको विषयलाई लिएर सांसद डा. सुनील शर्माले बोलेको सहन नसकेर गरेको व्याकफायर, ओलीका अभिव्यक्तिविरुद्ध बोल्न नपाइने एमालेको निर्णय, प्रचण्डको शक्तिको आडमा ललिता निवास जग्गा प्रकरणमा पूर्व प्रधानमन्त्रीद्धय डा. बाबुराम भट्टराई र माधवकुमार नेपाल तथा अवैध सुन प्रकरणमा पूर्व सभामुख एवं माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरालाई अनुसन्धानको दायरामा ल्याउन नपर्ने भनी गरिएको निर्णय, जनार्दन शर्मा लगायतका केही नेताहरुले प्रारम्भ गरेको विद्रोहलाई रोक्न प्रचण्डले नेत्रविक्रम चन्दलाई माओवादी केन्द्रमा प्रवेश गराई महत्वपूर्ण जिम्मेवारी दिन गरेको तयारी, काँग्रेसभित्र गगन थापाले गरिरहेको विद्रोह नियन्त्रण गर्न डा.शेखर कोइरालालाई देउवाले दिएको आश्वासन, राष्ट्रिय स्वतन्त्र पार्टीभित्र रवि लामिछाने र स्वर्णिम वाग्लेबीच भइरहेको शक्तिसंघर्ष लगायतका घटनाहरुले मुलुकमा पुरानै घाउहरु बल्झाइरहने मात्र हुन् । लोकतान्त्रिक मूल्य मान्यताहरुलाई आत्मसात् गर्दै शासकीय स्वरुप बलियो बनाएका र मुलुकलाई विकासको उच्च कोटीमा परिणत गरेका विश्वका अधिकांश मुलुकहरुमा एउटा व्यक्ति एक पद र बढीमा दुई कार्यकालको व्यवस्था सहितको अभ्यास गरिँदै आएको पाइन्छ । तर नेपालमा एउटा व्यक्ति पाँचपटक प्रधानमन्त्री बनिसक्दासमेत राष्ट्रिय गौरबको ५ वटा कार्य भएको पाइँदैन । अनि कसरी बन्छ समृद्ध नेपाल ? विश्वकै शक्तिशाली देश अमेरिकामा यदि नेपालमा जस्तै कानून विपरीतको कार्य हुँदो हो भने बाराक ओबामा फेरि पनि अमेरिकी राष्ट्रपति बन्न सक्थे । किनकि अमेरिकी जनतामाझ उनको लोकप्रियता अझै पनि कायम रहेको छ । बिडम्बना नेपालमा त्यस्तो लोकप्रिय नेता जो जनजिब्रोमा झुण्डिएको होस्, नाम लिन खोजौं, एउटा व्यक्ति छैन किन ? अर्कोतर्फ निडर तथा अनुशासित राजनेता नभएर नै नेपाल विदेशीहरुको क्रिडास्थल बनिरहेको छ । नेपालको निर्वाचनमा मत परिणाम उल्टाउनेदेखि लिएर सरकारको गठन तथा विघटनमा विदेशी राजदूतहरुको मुख्य भूमिका रहने गरेको छ । राष्ट्रिय गौरवका आयोजना निर्माणदेखि सुरक्षा नीति निर्माणसम्म विदेशीहरुकै चलखेल देखिन्छ । राष्ट्राध्यक्ष र सरकार प्रमुख विदेशी शक्तिकेन्द्रहरुको अगाडि लम्पसार पर्दछन्, संसद तथा मन्त्रिपरिषदले विदेशीको इच्छा मुताविक निर्णय गर्दछ । यति मात्रै होइन, केही सवालहरुमा न्यायालयलेसमेत विदेशीको चाहना अनुरुपको आदेश तथा फैसला गर्दछ भने अब हाम्रो भन्नु के बाँकी छ ? यसर्थ मुलुक नेपाल र नेपालीको लयमा छैन, लयमा हिँडाउन शासकहरुसँग क्षमता र इमानदारी छैन । केही क्षमता छ कि भन्ने अनुमान गरिएका व्यक्तिहरु सत्तामा पुगेपछि पुरानै प्रवृत्तिमा परिणत भइदिन्छन्, अनि 'कागलाई बेल पाक्यो, हर्ष न विस्मात' भइदिन्छ । फलस्वरुपः उनीहरुको विकासवाद र राष्ट्रवाद पनि बालुवामा पानी खन्याए सरह विलिन भएर जाने गरेको छ । यही गतिका कारण लोकतन्त्र खतरामा पर्दै गएको अनुभूति गर्न सकिन्छ । **(लेखक अधिवक्ता हुन्) -हाम्राकुरा डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :समाजसेवामा मन लाग्नेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । | **तुला** :छोटो दुरीको लाभदायक यात्रा रहला, अवसर आउनाले मन प्रसन्न रहनेछ । |
| **बृष** : महत्वपूर्ण कामको थालनी हुनेछ, कुनै कुराले मनमा शान्ति छाउनेछ । | **बृश्चिक** : मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । मनमा खुसी छाउँनेछ । |
| **मिथुन** : रोकिएको धन हात पर्ला । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **धनु** : स्वास्थ्यमा समस्या आउनसक्छ । सहकर्मीबाट विरोध आउला । |
| **कर्कट** :स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।आफ्न्तजनसँग भेटघाट हुँनेछ । | **मकर** : गरेका काममा ढिलासुस्ती हुने छ । मनमा अशान्ति छाउँनेछ । |
| **सिंह** :आज आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **कुम्भ** :श्रमको उचित मूल्याङ्कन हुन छ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । |
| **कन्या** : मन खिन्न हुनेछ । शरीर भारी र मन अस्थिर रहने संकेत देखिन्छ । | **मीन** :जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । |




नाटक — कमल रिजाल

# आहार विज्ञान

**स्थान :** सामुदायिक विद्यालयको आँगन
समय अपराह्न तीन बजे

**पात्रहरू :** सुवर्ण - स्वास्थ्य शिक्षा शिक्षक, सुलोचना - कक्षा १० की छात्रा, सुभद्र - कक्षा १० को छात्र, सुप्रभा - कक्षा १० की छात्रा, सुदर्शन - कक्षा १० को छात्र ।

नेपथ्यमा सामुदायिक विद्यालयको परिसर देखिन्छ । दर्शक दीर्घामा विद्यार्थी र उनीहरूका अभिभावकहरू लहरै बसेका हुन्छन् । रङ्गमञ्चमा शिक्षक सुवर्ण कुर्सीमा बसेर विद्यार्थीहरूको प्रतीक्षा गरिरहेका देखिन्छन् । एक छिनमा विद्यार्थीहरू आएर शिक्षकलाई नमस्कार गर्दै वरिपरि बस्छन् ।

**शिक्षक :** (विद्यार्थीहरूलाई सम्बोधन गर्दै) भन त बाबु नानी हो ! आजको अतिरिक्त कक्षामा के पढ्ने विचार गरेका छौ ।

विद्यार्थीहरू (सामूहिक स्वरमा) खानाका बारेमा जान्न चाहन्छौँ गुरु !


**शिक्षक :** राम्रो, तर कुन कुरा जान्न चाहेका हौ त्यसबारे विचार गरेका छौ ?

**सुलोचना :** अस्ति तपाईले हीतभुक, ऋतभुक र मीतभुकमा ध्यान दिनुपर्छ भन्नुभएको थियो त्यो भनेको के हो गुरु !

**शिक्षक :**ए ! त्यो ? लौ सुन । हीतभुक भनेको फाइदा गर्ने चीज मात्र खानुपर्छ भन्ने हो । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने बुझ्नुपर्छ । अनि मीतभुक भनेको थोरै खानुपर्छ भन्ने हो ।

**सुभद्र :** कुन समयमा कुन चीज खाने भन्ने नियम पनि छ कि गुरु !

**शिक्षक :** छ नि किन छैन । मङ्सिर पुस महिनातिर चिसो बढी हुन्छ । त्यसले शरीरको बाहिर एउटा आवरण बनाउने काम गरेको हुन्छ । यसबाट शरीरको गर्मी बाहिर जान पाउँदैन र पाचनशक्ति बढाउने गर्छ । त्यसैले यतिबेला पिरो, अमिलो, तीतो र चिल्लो भोजन गर्नु उपयुक्त हुन्छ । यसबाहेक यतिबेला नयाँ अन्न खानु बढी उपयुक्त हुन्छ । नयाँ अन्नमा भिटामिन बढी



हुन्छ । बढी भिटामिन पचाउन पाचन शक्ति पनि त्यस्तै हुनुपर्ने हुन्छ, जुन यति बेलाको समयले दिएको हुन्छ । त्यस्तै माघ र फागुन महिना पनि चिसै महिना हो । त्यसैले यतिबेला पनि यस्तै आहार उपयुक्त हुन्छ ।

**सुदर्शन :** अनि अन्य समयको खाना कस्तो हुनुपर्छ नि गुरु !

**शिक्षक :**ठीक भन्यौ । चैत र वैशाखतिरको खाना अमिलो, मीठो र रसिलो उपयुक्त हुन्छ । जौ, गहु आदि पनि यतिबेलाका उपयुक्त आहार हुन् । त्यस्तै जेठ र असारतिरका खाना चिसो र मधुर हुनु राम्रो हुन्छ । दूध, दही, घ्यु र चामल यतिबेलाका उपयुक्त आहार हुन् । बढी नुनिलो, अमिलो, तीतो तथा तातो चीजबाट भने बच्नुपर्ने हुन्छ । त्यसैगरी साउन र भदौतिर जौ, गहुँ, तथा चामल खानु राम्रो मानिन्छ तर ती सकेसम्म पुरानो राम्रो हुन्छ । सम्भव भएसम्म खानामा मह मिलाएर खाँदा बढी फाइदा गर्छ । यतिबेला नदी तथा खोलाको पानी खान तथा पानीमा घोलेको सातु भने खानुहुँदैन । त्यस्तै असोज र कात्तिकतिरको समयमा मधुर र शीत प्रधान खाद्यान्न राम्रो मानिन्छ । यो पित्तजन्य प्रकोपको समय भएकाले पित्त बढाउने खाना भने सकेसम्म नखाँदा नै राम्रो हुन्छ ।

**सुलोचना :** ऋतभुकलाई पनि थप प्रष्ट पारिदिनुहुन्छ कि गुरु !

**शिक्षक :** अवश्य । ऋतभुक भन्नाले नियमपूर्वक खानुपर्छ भन्ने त बुझिहाल्यौ । जहाँसम्म नियमपूर्वक खानुपर्छ भनेको के हो भन्ने कुरा छ । त्यो भने हरेक कुराको नियम हुन्छ । यसमा खाना पनि पर्छ । तरिका मिलाएर खाए त्यही खाना अमृत बन्छ नत्र विष बनेर दुःख दिन सक्छ । खाना खाँदा सुरुमा ठोस् बीचमा पिरो र अन्त्यमा तरल चीज खानु राम्रो हुन्छ तर धेरै पिरो, अमिलो, चिल्लो, गुलियो, नुनिलो, चिसो र तातो नहोस् भन्नेतर्फ भने सतर्क हुनुपर्छ । तातो खाएको लगत्तै चिसो खानु राम्रो हुन्न । खानासित पानी खानु पनि राम्रो होइन । त्यसैले खाएको एक घण्टापछि मात्र खानुपर्छ । बेलुका सुत्ने बेला तातो र बिहान उठ्ने बित्तिकै चिसो पानी खानु राम्रो हुन्छ । बासी, सडेगलेको र गरिष्ठ चीज कहिल्यै पनि खानुहुँदैन । बेलुका सकेसम्म सुत्नुभन्दा दुई घण्टा अगाडि नै खाइसक्नुपर्छ । फलफूल स्वास्थ्यवर्धक हुन्छन् तर बेलुका सुत्ने बेलामा र बिहान खाली पेटमा भने नखाँदा नै राम्रो हुन्छ ।

**सुभद्र :** अनि मीतभुक भनेको के हो नि गुरु !

**शिक्षक :** यो भनेको थोरै खानुपर्छ भन्ने हो तर यसको अर्थ पेट भोकै राख्ने भन्ने होइन । सकिन्छ भने पेटको दुई भाग मात्र खानाले भर्नुपर्छ । एक भाग पानीलाई र एक भाग वायुलाई खाली छाडिदिँदा बढी राम्रो हुन्छ । त्यसैले एकैचोटी कोचिकोची खानुभन्दा थोरथोरै गरेर पटक पटक खानु राम्रो हुन्छ । बिहानको भन्दा बेलुकाको खाना हल्का हुनुपर्छ । बिहानको खाना मागेर र बेलुकाको खाना बाँडेर खानु भन्ने त भनाइ नै छ । यत्तिकैमा समय सकिएको घण्टी बज्छ । पर्दा खस्छ र सबै घरतिर लाग्छन् ।

**-रातोपाटी डटकम**

## घाम गोठाला



***निलम राई***

लिस्बन शहरको एउटा गल्लीमा
अहो घाम झुल्किसकेछ
उठ्नैपर्‍यो सबेरै
दिनै पर्‍यो गमलाको फूललाई पानी

दौडनैपर्‍यो हतार हतार मेट्रो समाउन
काममा जानुछ उसलाई
नई दिल्लीको झुपरपट्टीमा
अहो घाम एक टाङ्गो चढिसकेछ

गर्नैपर्‍यो तयारी
सेक्नैपर्‍यो रोटी
भाग्नैपर्‍यो 'जल्दी'
'बापुजी' लाई खाजा पुर्‍याउन जानुछ ।

न्यूयोर्क शहरको एउटा कुनामा
घामले आकाशको निलोपाटीमा
बादलको डस्टरले
आधा दिन मेटाइसकेछ

थुन्नैपर्‍यो पसल एक छिनलाई
गर्नैपर्‍यो हतारहतार
नानीको स्कुल पुग्नुछ मिटिङमा ।
पूर्वी नेपालको अग्लो डाँडैमा

घाम अस्ताउन लागेछ
दिनभर चरिसकेका गाईवस्तुहरु
फर्काउनैपर्‍यो गोठतिर
बाँध्नैपर्‍यो दाम्लाले

भोलि पानी परेन भने
फुकाउनै छ फेरि गाईबस्तु
लैजानैछ फेरि चराउनलाई
हत्तुहैरानै छ

दिल बहादुर दाइकी छोरी हाङमालाई ।
यसो सोचिहेर्छु त
राती एक मीठो निन्द्रा निदाउनलाई
हामी आम मान्छेहरू

हाङमाले गाईबस्तुको गोठालो गरे झैं
आकाशको विशाल चरनमा
हरेक बिहान जुरुक्क उठेर
कतै घाम फुत्केला कि भनेर

घामको गोठालो गर्न अभिशप्त रहेछौं
र जो थोरै बाँकी रहन्छौं
शहरको रात्री ढुकढुकी बचाइराख्छौं
भोलिको एउटा दिन आराम गर्नलाई

आज मस्त निदाएको घामलाई
भोलि उठाउने तयारीमा जुट्छौं ।
अहो... ! हामी सबै त
घाम गोठाला पो रहेछौं ।**-अनलाईन अबर डटकम**

बालकथा — राजु झल्लु प्रसाद

# घामपानी-घामपानी स्यालको बिहे

दिउँसोको समय छ । घाम र बादलबिच ठट्यौली चलिरहेको छ। कहिले बादल बर्सिदिन्छ, कहिले घाम चर्किदिन्छ । साउन अन्तिम दिनहरू चलिरहेका छन् । भदौरेहरू देखिन थालेका छन्, र ती रमाइरहेका छन् । जमिनमा एक प्रकारको न्यानो चिस्यान छ । मलाई यस्तो दिनहरू खुब मन पर्छ। यस्ता दिनहरूमा देखिने इन्द्रेणीहरूले मेरो फदयमा सदैव बास माग्छन् । म आफूलाई आफ्नै ह्दयको बलैंसीमा उभ्याएर इन्द्रेणी आफ्नो ह्दयको दैलोभित्र छिराउने दुस्साहस गर्छु । जसै इन्द्रेणीहरूले मेरो फदय बास पाए, मैले दिएँ । उनीहरू एक-अर्कासँग गफिन थाले । म सुनिरहें । उनीहरू एउटा लोककथनको चर्चा गरिरहेका थिए 'घामपानीबारे, स्यालको बिहे ।'

म चुपचाप धड्कन सुनिरहें, कथा सुनिरहें।

'धड्क..धड्क..' कथा अघि बढ्दै गयो ।



(घाम र पानी बडो असल साथी थिए । तर उनीहरूको भेट आक्कलझुक्कल मात्रै हुने गर्थ्यो । एउटा समान्तर दूरीमा रही उनीहरूको एक-अर्काको सन्चो-सुबिस्ता सोध्ने गर्थे, एकअर्काको ह्दयका तर! हरूलाई सुमसुम्याउने गर्दथे। एक अर्का बीच उनीहरूको पारिवारिक कुराहरू चल्थ्यो, समसामयिक घटनाक्रमबारे टीकाटिप्पणी हुन्थ्यो ।)

**जस्तै यस्ता कुराहरू :**

**घाम :** मित्र पानी ज्यू, हजुरसँग त बादल, चट्याङ, हावाहुरी लगायतको बाक्लो साथी सर्कल छ । म त सधैं एक्लो । कहिलेकसो हावाहुरीसँग एकछिन चिया खान भ्याउँछु, कहिलेकसो हजुरको सफदयताले इन्द्रेणीसँग 'क्यान्डेल डे डिनर' गर्ने मौका जुर्छ । नत्र सदैव आफ्नै तापको रापमा तप..तप..तप्किरहन्छु । भक भक उम्लिरहन्छु ।

**पानी :** मित्र घाम ज्यू, तपाईं पनि ! चट्याङ, बादल, हावाहुरी सबै म नै हुँ। उहाँहरूलाई पराइ नसम्झिनुहोला । होला, हामीबिच तात्त्विक फरक देखिएला तर एकापसको भेटघाट र वार्तालापबिना हामी हामी हुन् सक्देनौं ।

**मुख्यत :** तपाईबिना हामी हामी हुन नै सक्देनौं । तपाईकै कारण हामी समुन्द्रदेखि आकाशसम्म उडान भर्छौं। तपाई हामीसँग सदैव हुनुहुन्छ । बिन्ती छ मेरो, आफूलाई एक्लो-एक्लो, उदास-उदास अन्दाज-ए-बयाँमा नराख्नुस् । थाहा छ हजुरलाई , यस्तो कुरा गरेर तपाई हाम्रो मन कटक्क पार्दै हुनुहुन्छ ।

**घाम :** माफ पाऊ , मित्र माफ पाऊ। एकानास जीवन प्रक्रियाबाट गुज्रिरहँदा उदासीको 'दासी' बनिँदो रहेछ । आज त्यस्तै भयो । ..माफ पाऊ , मित्र माफ पाऊ ।

**पानी :** मित्र घाम ज्यू । तपाईको रवाफिलो चिन्तनले मलाई द्रवीभूत बनायो । के अरे, तपाईको उमेर पनि पुग-नपुग साँढे चार खर्ब (४.५ खर्ब) वर्ष पुग्यो। अब त उदासी छाउने बेला भयो नै ।

**घाम :** हेहे,..मित्र । तपाई र मेरो त रगतको नाता छ नि । जुम्ल्याहा पो हौं त हामी । तपाई ठन्डा दिमागको हुनुहुन्छ र आफूलाई काबूमा राख्नुहुन्छ । म अलि गरम दिमागको भएँ, कहिलेकसो अत्तालिन्छु ।

**पानी :** फेरी पनि मित्र, तपाई गरम हुनुहुन्छ भनेर नै त म नरम हुने गर्छु । तपाई नरम होइदिनुभयो भने मेरो अस्तित्व नै कहाँ रहन्छ र ? मेरो अस्तित्व रहेन भने तपाईको अस्तित्व पनि रहँदैन । हामीलाई आ-आफ्नो नियति स्विकार्नुको अर्को विकल्प नै छैन ।

**घाम :** तर पनि मित्र, कहिलेकाहीं मलाई लाग्ने गर्दछ, यही ब्रह्माण्डलाई जीवन्तता दिलाउन तपाई र म कति मरिमेटिरहेका छौं । मूलतः यो पृथ्वी नामको ग्रहलाई जिउँदो राख्न हाम्रो मनग्ये भूमिका छ । तपाई नै तपाई हुँदा पनि यो पृथ्वी पन्यालो वस्तु हुनेछ । म मात्रै म हुँदा पनि यो पृथ्वी एक वाष्पकृत नृत्यमग्न धुवाँ हुनेछ ।

**पानी :** पक्कै मित्र, यो पृथ्वी तपाईलाई र मलाई जोड्ने सेतु पनि हो । तपाई यसलाई अँगालो हाल्नुहुन्छ । म पनि यसलाई बाहुपासमा बेर्छु । कहिलेकसो लाग्ने गर्छ, सँगसँगै यस जमिनलाई अँगालो हालौं । त्यस्तो लाग्दैन तपाईलाई ?

**घाम :** तपाईलाई त्यसो गर्न मन लागिरहेको हो मित्र पानी ज्यु ? के भयो त, आउनुहोस् एकैफेरी यस पृथ्वीलाई माया गरौं । तर त्यसपहिले एउटा शर्त छ । मित्र, हामीले आ-आफ्नो तेज अलि कम गर्नुपर्छ । हामी एकसाथ एकअर्कालाई छुन र भेट्न सक्दैनौं । त्यसो गरेको खण्डमा हामी दुवैको इहलीला समाप्त हुन्छ ।

**पानी :** पक्कै मित्र घाम ज्यू, म केही बादलहरू ल्याएर तपाईसामु राख्दिन्छु । तपाई बादलमुनि लुगलुग कामिरहेको हावालाई अलिकति गतिशीलता प्रदान गर्नुहोस् ।

**घाम :** लौ त्यसो गरौं मित्र । आज जमिनलाई एकसाथ अँगालोमा बेरौं । जमिन दुवै गालामा एक-एक चुम्बनको डोब छाडौं ।

**पानी :** लौ मित्र, त्यसै गरौं ।

**घाम :** लौ त मित्र ।

(इन्द्रेणीहरू घाम र पानीका यही चुम्बनका डोबहरू पो रहेछन् । यसैले यति सुकुमार र रङले भरिएका । ...यति सुगठित देखिएका । उनीहरू एक्कासि कविता गुनगुनाउन थाले । म कवितामै हराएँ ।)

"घामपानी घामपानी स्यालको बिहे
कुकुर जन्ती बिरालो बाहुन्"

युद्धप्रसाद मिश्रको कविताले सारा लोक गुञ्जायमान भइरहेछ । जमिनका हरेक प्राणी यही कविता गुनगुनाइरहेका छन् ।

"झिलिमिली झिलिमिली बिजुली चम्क्यो
बादल गर्ज्यो अन्धाधुन
डोले भरिया कहाँ हुन्, कहाँ हुन्,
घामपानी घामपानी, स्यालको बिहे
कुकुर जन्ती बिरालो बाहुन् ।
आँधी आयो, असिना आयो
जन्ती बस्ने घरै उडायो
स्यालको बिहे भाङ् भाङ् भुङ् भूङ्
आज असार भोलि साउन
घामपानी घामपानी स्यालको बिहे
कुकुर जन्ती बिरालो बाहुन् ।"

यस प्रकार त्यस दिनको दिउँसो बित्यो । जसलाई लिपिबद्ध गर्न खोज्दा मनमा फेरि इन्द्रेणी देखियो । र, मेरो ह्दयदेखि उठेको इन्द्रेणी तपाईको ह्दयसम्म पुग्यो ।

**-साहित्यपोष्ट डटकम**


## सन्तोष चलचित्र मन्दिरमा...




सन्तोष चलचित्र मन्दिर तानसेनमा भदौ २९ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन हुनगइरहेको छ नेपाली चलचित्र **'नाङ्गो गाउँ'** ।

*पहिलो शो : ११:१५ बजे, दोस्रो शो : २:१५ बजे र तेश्रो सो साझ ५:१५ बजे*

***(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)***


## सूचना ! सूचना !! सूचना !!!

यस तानसेन खानेपानी उपभोक्ता समितिको निम्न मिति, समय तथा स्थानमा हुन गैरहेको विशेष साधारण सभामा उपस्थितीको लागि सादर-निमन्त्रणा गर्दछौं ।

कार्यक्रम :

**मिति :** २०८० भाद्र ३० गते शनिबार
**समय :** विहान ११:०० बजे
**स्थान :** तानसेन नगरपालिकाको हल
**प्रस्ताव :** विधान शंसोधन तथा जानकारी सम्बन्धमा ।

**अनुरोधक**
**मोहन प्रसाद श्रेष्ठ**
**अध्यक्ष**
**तदर्थ समिति एवं**
**तानसेन खानेपानी उपभोक्ता समिति परिवार**
सम्पर्क नं. : ०७५-५२२०८७

# लायन्स क्लव पाल्पाद्वारा रक्तदान




**पाल्पा,** भदौं २७/जिल्लामा क्रियाशील सामाजिक संस्था लायन्स क्लव अफ पाल्पाले रक्तदान कार्यक्रम गरेको छ । बिरामीका लागि रगतको अभाव हुन नदिन क्लवले वार्षिक कार्यक्रम अन्तर्गत बुधबार रक्तदान कार्यक्रम गरेको हो ।

युनाईटेड मिसन अस्पताल पाल्पाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम गरिएको क्लवकी अध्यक्ष कमला शर्माले जानकारी दिईन । उनका अनुसार ११ जनाले रक्तदान गरेका छन् । क्लवका पुर्व अध्यक्ष सुशील प्रधानले ५४ औं पटक रक्तदान गरे । क्लवले स्थापनाकालदेखि नै हरेक वर्ष आयोजना गदै आएको रक्तदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको हो । जिल्लामा कुनै बेला पनि रगत अभावमा आम नागरिकले मृत्युवरण गर्न नपरोस् भन्ने हेतुले हरेक वर्ष विभिन्न स्वास्थ्य संस्थाहरुको प्राविधिक सहयोगमा रक्तदान गर्दै आएको क्लवकी एलसीआइएफ संयोजक रमा पन्तले बताईन् । उनले भनिन्'मानविय जीवनमा रगतको महत्वपूर्ण भूमिका रहेको छ, जुनसुकै बेला मानिसमा रगत अभाव हुन सक्छ, त्यसका लागि समयमै त्यसको व्यवस्था मिलाउने कार्यमा हामी स्वास्थ्य संस्थाहरुलाई सहयोग गर्दै आएको छौं ।' संकलन गरिएको रगत युनाइटेड मिसन अस्पताल पठाइएको छ । कार्यक्रममा क्लवका पूर्व अध्यक्षहरु सुशिल प्रधान, विष्णुप्रसाद श्रेष्ठ, मधुदयाल शैजु, शशी श्रेष्ठ, मोहन श्रेष्ठ, सुरेस पौड्याल, सिता बस्नेत, कार्यक्रम संयोजक किशोर बज्राचार्य, अजयबहादुर श्रेष्ठ, युनाईटेड मिसन अस्पतालका सिनियर ल्याव टेक्निसियन दानबहादुर नेपाली लगायतको उपस्थिती रहेको थियो ।

# तानसेन बहुमुखी...

...कार्यक्रममा क्याम्पस प्रमुख पुष्करराज रेग्मीले क्याम्पसको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी दिनदेखि प्राविधिक शिक्षाको व्यवस्था गर्दै क्याम्पसलाई सामुदायिक शैक्षिक अनुसन्धान केन्द्रको रुपमा विकसित गर्ने बताए । विद्यार्थी संख्या वृद्धिका आकर्षक कार्यक्रमसहित रणनीति तय गरिने, कप्युटर प्रयोगशला, पुस्तकालय एवं ईलाइब्रेरी कक्षलाई अध्याधिक रुपमा सञ्चालन गरिने प्रमुख रेग्मीले बताए । कार्यक्रममा उत्कृष्ट प्राध्यापकका रुपमा रामप्रसाद ढकाल र विभिन्न विधामा विजयी प्रतियोगीहरुलाई सम्म्मान तथा पुरस्कार वितरण गरिएको थियो । सोही अवसरमा क्याम्पसले वार्षिक विशेषाङ्क समेत विमोचन गरेको थियो । क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष राजनप्रसाद पन्तको अध्यक्षता, प्राध्यापक संघका अध्यक्ष श्रीधर कुमार उपाध्यायको स्वागत, प्राध्यापक अरुण ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो । क्याम्पले सोही अवसरमा सरस्वती पुजा समेत गरेको थियो ।

Rurukshetra Rural Municipality
Office Of The Rural Municipal Executive
Baletaksar, Gulmi
Lumbini Province

## Invitation for Bids

**Date of Publication: September 14, 2023(2080/05/28)**
Office of Rurukshetra Rural Municipality, Baletaksar,Gulmi invites only electronic bids for the following works under National Competitive Bidding (NCB).

| S. No. | Contract No./IFB No. | Estimated amount (Exclusive of VAT& contingencies) NRS | Name of the Project & Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time of Bid Opening | Bid Validity Period | Bid Security (Nrs) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | ORRM-W-NCB-08-080/81 | 1,29,20,103.40/- | Rurukshetra Brihat Khanepani Yojana Nirman Ward no 1,2,3,4,5,6 | 3,000 | October 16,2023 (2080/06/29) Before 12:00 hr | October 16, 2023(2080/06/29) 13:00 hr | 90 days | 4,50,000 |

**1.** Bidders may download the bidding document for e-submissionfrom PPMO website **www.bolpatra.gov.np/egp.**
**2.** Information for depositing the cost of bidding document and Bid Security
**Name of Bank:** Nepal Investment Mega Bank Ltd, Gulmi
**Office Name:** Rurukshetra Rural Municipality
GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
**3.** If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
**4.** The person, firm or company black listed as per Public Procurement Act-2063 with a mendment, shall be in elegible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
**5.** Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulation-2064 withamendment and other prevailing regulations.
**6.** The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids with out assigning reason, what so ever.
Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

*Chief Administrative officer*

खेलकुद समाचार

# एसिया कपको फाइनलमा भारत



**काठमाडौं,** भदौ २७/ भारत एसिया कप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ । सुपर फोर अन्तर्गत कोलोम्बोमा भएको खेलमा घरेलु टोली श्रीलंकालाई ४१ रनले पराजित गर्दै भारत एक खेल अगावै फाइनल पुग्ने पहिलो टोली बन्यो ।

सुपर फोरमा पहिलो खेलमा पाकिस्तानलाई हराएको भारत लगातार दुई खेल जितेर ४ अंकसहित शीर्ष स्थानमा छ । अब भारतले बंगलादेशसँग खेल्न बाँकी छ । बंगलादेश लगातार दुई खेल हारेर यसअघि नै फाइनल होडबाट बाहिरिसकेको छ । अब पाकिस्तान र श्रीलंकाबीच हुने खेलबाट फाइनल पुग्ने अर्को टोलीको टुङ्गो लाग्नेछ । यी दुईको विजेताले फाइनलमा भारतसँग भेट पक्का गर्नेछन् । कोलोम्बोस्थित आर प्रेमदासा क्रिकेट स्टेडियममा टस जितेर पहिले ब्याटिङ गरेको भारतले चार बल अगाडि सबै विकेट गुमाएर २१३ रन बनाएको थियो । २१४ रनको लक्ष्य पछ्याएको श्रीलंका ४१.३ ओभरमै सबै विकेट गुमाएर १७२ बलमा अलआउट भयो । श्रीलंकाका लागि दुनिथ वेलालेजले अलराउण्ड प्रदर्शन गरेपनि जित दिलाउन सकेनन् । भारतलाई अलआउट गर्दा ५ विकेट र २ क्याच लिएका उनले ब्याटिङमा अविजित ४२ रन बनाए । आठौं नम्बरमा ब्याटिङ गरेका उनले ४६ बल खेल्दै ३ चौका र १ छक्का प्रहार गरे । तर अर्को छेउबाट विकेट जाँदा उनले टिमलाई जितसम्म पुऱ्याउन पाएनन् । यस्तै धनन्जय डि सिल्भाले ४१ तथा चरिथ असलंकाले २२ रन बनाए । श्रीलंकालाई भारतका लागि कुलदिप यादवले ४ तथा रविन्द्र जडेजा र जसप्रित बुमराहले समान २ विकेट लिए ।

वर्गिकृत डिस्प्ले


१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक ३९ अंकले बढ्यो



**पाल्पा,** भदौ २७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३९ अंक बढेको छ । नेप्सेका अनुसार बुधबार ३९ दशमलव ४८ अंकले बढेर दुई हजार सात दशमलव ०६ अंकमा कायम भएको छ ।

नेप्सेका सो अवधिमा दुई सय ७५ कम्पनीको ५१ लाख ४४ हजार सात सय २४ कित्ता शेयर ३६ हजार ४५ पटक खरिदबिक्री हुँदा एक अर्ब ४९ करोड ५५ लाख २१ हजार नौ सय पाँच बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचकमा हरियाली देखिएको छ । जसमध्ये जलविद्युत् समूहको उपसूचक सबैभन्दा धेरै तीन दशमलव ६२ प्रतिशत र वित्त समूहको उपसचूक तीन दशमलव २० प्रतिशतले बढेको छ । बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै शुभम पावर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत, समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ८६, अरुण काबेली पावर लिमिटेडको नौ दशमलव ०३ प्रतिशत र अपि पावर कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव २९ प्रतिशतले बढेको छ । कारोबारमा थ्री स्टार हाइड्रोपावर लिमिटेड कम्पनीको शेयर मूल्य सबैभन्दा धेरै आठ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा एनआईसी एसिया बैंक लिमिटेडको सात करोड ९३ लाख २५ हजार तीन सय ४७ बराबरको शेयर किनबेच भएको छ । यो साता शेयर बजारमा तीव्र उतारचढाव देखिएको छ । कारोबारपछि बजार पुँजीकरण ३० खर्ब चार अर्ब ६२ करोड ५२ लाख ३८ हजार तीन सय २६ पुगेको छ ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा -मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई